जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक २९८ २०८३ साल असार २७ गते शनिबार (11 July 2026 Saturday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : फिफा विश्वकपको समूह चरणको... ३ पृष्ठमा : स्वास्थ्य बिमाको पुनःसंरचनाका ... ३ पृष्ठमा स्विस वार्ता पुनः...

# सामाजिक संजालले उजाड्यो मेहताको परिवार

## विदेशबाट पठाएको लाखौं रकमसहित परपुरुषसँग फरार भइन् श्रीमती, श्रीमान्सहित तीन सन्तानको बिचल्ली



१२ बर्ष अघि मागी बिहे गरेका रमण र निशा

*तस्बिर : राजविराज दैनिक*



रमण र निशाको तीन सन्तान ९ बर्षीय छोरा आकाश, ३ बर्षीय छोरा पंकज र ६ बर्षीया छोरी राधा



मिथिलेश ठाकुरसँग निशा

*तस्बिर : सामाजिक संजाल*

**– सुनसरी जिल्लाको कोशी गाउँपालिका ३ पश्चिम कुशहा निवासी निशासँग रमणको १२ बर्ष अघि मागी बिहे भएको थियो । उनहरुको ती सन्तान छन् ।**

**– विदेशमा दिनरात मिहिनेत गरी पठाएको मध्येका १० लाख रुपैयाँ नगद, ४ तोला सुनको गरगहना तथा उनकै नाममा गाउँमा खरिद गरिएको १० लाखको जग्गा समेत कसैलाई सुँइको समेत नदिई विक्री गरी निशा २०८३ जेठ २ गते बट सावित्री पर्वकै साँझ धनुषाधाम नगरपालिका १४ निवासी ३५ बर्षीय मिथिलेश ठाकुरसँग फरार ।**

**– सामाजिक संजालमार्फत प्रेममा परेर निशा मिथिलेश ठाकुरसँग फरार भएपछी रमण र निशाको तीन सन्तान ९ बर्षीय छोरा आकाश, ३ बर्षीय छोरा पंकज र ६ बर्षीया छोरी राधाको बिचल्ली भएको छ ।**

**नवीनकुमार गुप्ता**
**राजविराज, २६ असार ।**

सामाजिक संजालको बढ्दो प्रयोगले समाज परिवर्तनमा अहिले निकै ठूलो भूमिका निर्वाह गर्दै आइरहेको छ । चाहे त्यो दुःखको क्षणमा होस् वा सुःखको क्षणमा । प्रयोगकर्ताहरुले कुनै पनि गतिविधि सामाजिक संजालमा पोष्ट गर्ने बित्तिकै त्यसमा सकारात्मक, नकारात्मक तथा बिश्लेषण र सुझाव सहितका अनेकों कमेन्टहरु आउने गर्दछन् ।

तर त्यही सामाजिक संजाल अहिले दुःख, सुःखको साथीका साथै पारिवारिक गतिविधिमा समेत दखल गर्ने क्रम बढ्दो छ । कसैको सुखी परिवारलाई तोड्ने तथा जोड्ने गतिविधि पनि हुने गरेको छ । सामाजिक संजालबाटै प्रेम र विछोड पनि हुने गरेको पाइएको छ । विवाहित महिला वा पुरुष सामाजिक संजालको माध्यमबाट अन्य कसैसँग प्रेम बाधिनु नौलो कुरा होइन् ।

त्यही सामाजिक संजाल अहिले सकारात्मक भन्दा पनि नकारात्मक कामको बढी प्रयोग हुँदै आएको छ । त्यसकै उदाहरण हो सप्तरीको विष्णुपुर गाउँपालिका वडा नं. ५ बस्ने रमण कुमार महतोको परिवार ।

सामाजिक संजालको दुरुपयोगले अहिले उनको सुखी सम्पन्न परिवार यतिबेला बिच्चलीमा परेको छ । सामाजिक संजालमै रमणकी श्रीमति निशा पर पुरुषसँग प्रेममा परेर भागेपछि उनको परिवार विच्चलीमा परेको हो । तीन सन्तानकी आमा पर पुरुषसँग भागेपछी तीन नबालिक भविष्य अन्धकार बन्न पुगेको छ ।

आर्थिक अवस्था कमजोर भएको कारण घरपरिवारको सुन्दर भविष्य बनाउने सपना बोकेर १० बर्ष देखि वैदेशिक रोजगारमा रहेका रमणले श्रम गरि कमाएको लाखौं रकमसहित श्रीमति पर पुरुषसँग भागेपछी बालबालिका र श्रीमानको समेत बिजोग भएको हो ।

साउदी अरब, कतार र दुबईमा रोजगारी गरेका रमण पछिल्लो डेढ बर्ष देखि कुवेतमा काम गर्दै आएका थिए । उनले घरमा ६० बर्षीया आमा चन्द्रादेवी, ९ बर्षीय छोरा आकाश, ६ बर्षीया छोरी राधा, ३ बर्षीय छोरा पंकज र २६ बर्षीया श्रीमति निशालाई छाडेर विदेशमा गएर दुःख गरी विगत १० बर्षको अवधीमा श्रीमती निशालाई २० लाख जति रुपैया पठाई सकेको छन् ।

केही दिन अझै विदेशी भूमीमा दुःख गरेर कमाउने र त्यसपछि घरफर्कि छोराछोरीलाई राम्रो शिक्षा दिक्षा दिलाउने तथा परिवारसँग खुशीयाली जिवन व्यतित गर्ने उनको सपना थियो ।

तर, पछिल्लो एउटा घट्नाले उनको सबै सपना चकनाचुर भयो । २०८३ जेठ २ गते श्रीमानको लामो आयुको कामना गर्दै मधेशमा बिबाहित महिलाले श्रद्धापूर्वक मनाउने बट सावित्री पर्वको विहान श्रीमति संग एक घण्टा कुरा गरेको सुनाउँदै रमणले साँझमा फोन गर्दा श्रीमती निशाको फोन नउठेको बताए । श्रीमतीको फोन नउठेपछी उनले आमा चन्द्रासँग कुरा गर्दा अचानक आकाशबाट भुईमा झरेको जस्तै भयो । रमणका अनुसार अति माया गर्ने श्रीमति पर्वकै दिन साँझ पर पुरुषसँग फरार भईन् । विदेशमा दिनरात मिहिनेत गरी पठाएको मध्येका १० लाख रुपैयाँ नगद, ४ तोला सुनको गरगहना तथा उनकै नाममा गाउँमा खरिद गरिएको १० लाखको जग्गा समेत कसैलाई सुँइको समेत नदिई विक्री गरी उनी पर पुरुषसंग फरार भएको रमणको भनाई छ । सुनसरी जिल्लाको कोशी गाउँपालिका ३ पश्चिम कुशहा निवासी निशासँग रमणको १२ बर्ष अघि मागी बिहे भएको थियो ।

तीन नाबालक सन्तानहरु समेत छाडेर निशा पर पुरुषसँग हिडेपछि उनीहरुको पनि बिच्चली भएको छ । श्रीमती निशा पर पुरुषसँग भागेको खबर पाएपछि रमण कुबेतमा कामकाज छाडेर घर फर्केका छन् ।

रमणका अनुसार श्रीमती फेसबुक मार्फत धनुषाधाम नगरपालिका १४ निवासी ३५ बर्षीय मिथिलेश ठाकुरको प्रेममा परेकी थिईन् । अबेर रातीसम्म श्रीमतीले ठाकुरसँग मोवाईलमा कुराकानी गर्ने गरेको आमाले बताएको उनको भनाई छ ।

निशा भागेको दिन ठाकुर घर आसपासमै देखिएको रमणकी आमा चन्द्राले बताएकी छिन् । भागेको तीन/चार दिन पछि ठाकुरले सामाजिक सञ्जालमा निशासँग बसेको तस्बिर पोष्ट गर्न थालेपछि उनैले निशालाई प्रेमजालमा फँसाई भगाई लगेको पुष्टि भएको रमणले सुनाए ।

उनले श्रीमति निशाले प्रयोग गर्ने मोवाईलमा कल गर्दा ठाकुरले उठाउने र मैले बिहे गरी सकेको छु, अब केही गर्न सक्दैनस् भन्दै उल्टै मिथिलेश नै आफुलाई धम्काउने गरेको रमणको भनाई छ । उनले श्रीमति भगाउने मिथिलेश उक्त कार्यमा सघाउने उनका आमा श्यामबती तथा भएभरको सम्पति लिई भागेकी निशा विरुद्ध प्रहरीमा उजुरी समेत दिएका छन् ।

उनले मिथिलेश र निशाको खोज तलासका लागि जिल्ला प्रहरी कार्यालय सप्तरीका साथै सुनसरी र धनुषा जिल्ला प्रहरी कार्यालय समेतमा निवेदन दिएका छन् । निवेदनमा ठाकुरले प्रेमजालमा फसाई श्रीमतिलाई भगाई लगेको, उनीसंग कुरा गर्न नदिएको तथा निसाले लाखौंको सम्पति लिएर गएको उल्लेख गर्दै उनीहरुको मोवाईल लोकेशन ट्रेस गरी पत्तालगाई दिन तथा आफुलाई न्याय दिलाई दिन उल्लेख गरेका छन् ।

फेसबुक मार्फत प्रेम सम्बन्ध जोडिएको र भागेको घट्ना बढ्न थालेकोमा चिन्ता व्यक्त गर्दै प्रहरी उपरीक्षक रुपक खडकाले पीडितलाई न्याय दिलाउन प्रहरीले कुनै कसर बाँकी नराख्ने बताए । जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रबक्ता हेमराज घिमिरेले पीडित भनिएका रमण संग शुक्रबार थप कुरा बुझि अनुसन्धान र खोज तलाश कार्य व्यापक बनाईने जनाएका छन् ।

## सम्पादकीय

### यूवालाई प्रोत्साहन गरौं

मुलुकमा बेरोजगारी समस्या बढ्दो छ। जसकारण यूवाहरु विदेशीने क्रम समेत बढेको छ। तर कतिपय युवाहरु विभिन्न प्रलोभनमा परि विदेशिने गर्छन्। उनीहरुलाई प्रलोभनमा पारी बर्गल्याउने काम भइरहेको छ। विकासको कार्यमा सहभागिता जनाउनुपर्नेमा उनीहरुलाई बर्गल्याउने कामप्रति सचेत गराउनु आवश्यक छ। उनीहरुको क्षमतालाई विकास गर्न मुलुकमै रोजगारीको अवसर सृजना गर्नुपर्ने आवश्यकता देखिन्छ।

ती यूवाहरुलाई मुलुकमै रोजगारीको अवसर सृजना गरि प्रोत्साहन गर्नु आवश्यक छ। आफ्नै गाउँको विकासमा युवाहरुले स्थानीय निकायसँग समन्वयकारी भूमिका निर्वाह गरी विकासको कार्यमा सहभागिता जनाउनुपर्ने जरुरी छ। युवाहरुले अगुवाई गर्नु वर्तमान अवस्थामा चुनौतिपूर्ण भएपनि उनीहरुले आफ्नो गाउँको सकारात्मक परिवर्तनको लागि दबाब समेत सृजना गर्न पछि पर्नुहुदैन्। स्थानीय तहरुले पनि विकासका लागि विभिन्न योजनाहरु मार्फत उनीहरु प्रोत्साहन गर्न सक्नुपर्छ।

स्थानीय विकासमा युवाहरुको सहभागिता बढाउने उद्देश्य नीजि तथा गैरसरकारी संस्थाहरुले सक्रिय देखाउनु अति आवश्यक छ। तसर्थ यूवाहरुका लागि तीनै तहका सरकारले ठोस रोजगारीको अवस्था सृजना गरि बिदेश जानबाट रोक्न प्रोत्साहित गरि आफ्नै स्थानीय तहको विकासमा सहयोग पुऱ्याउनेतर्फ ध्यान जानु जरुरी छ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# अटिजममा आधारित नमुना विद्यालय स्थापनासम्बन्धी प्रतिवेदन हस्तान्तरण

काठमाडौँ, २६ असार (रासस)। अटिजममा आधारित नमुना विद्यालय स्थापना तथा सञ्चालन एवं व्यवस्थापन गर्ने सन्दर्भमा अवधारणापत्र तयारीका लागि गठित प्राविधिक समितिले शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलसमक्ष आफ्नो प्रतिवेदन बुझाएको छ। मन्त्रालयले गठन गरेको प्राविधिक समितिले करिब तीन महिनाको अध्ययनपछि तयार गरेको प्रतिवेदन बिहीबार मन्त्री पोखरेललाई हस्तान्तरण गरेको हो।

सहरी विकास तथा भवन निर्माण विभागका उपमहानिर्देशक रोशन श्रेष्ठको संयोजकत्वमा विज्ञहरू सम्मिलित छ सदस्यीय प्राविधिक समिति गठन गरिएको थियो। समितिले करिब तीन महिनाको अवधिमा प्रतिवेदन पेस गरेको हो। प्रतिवेदन ग्रहण गर्दै शिक्षामन्त्री पोखरेलले प्रतिवेदन चाँडै कार्यान्वयनमा ल्याइने बताउनुभयो। मन्त्री पोखरेलले अटिजम भएका बालबालिकालाई सहज, सरल र प्रभावकारी सेवा उपलब्ध गराउने उद्देश्यसहित सरकारले अटिजम नमुना विद्यालय स्थापना गर्न लागेको पनि जानकारी दिनुभयो।

समितिका संयोजक श्रेष्ठले एक सङ्घीय अनुसन्धान केन्द्र तथा प्रत्येक प्रदेशमा नमुना विद्यालय स्थापनाका लागि आवश्यक मापदण्डसहितको प्रतिवेदन तयार गरिएको उल्लेख गर्नुभयो। विशिष्टीकृत अटिजमसम्बन्धी सेवा पाउने सुनिश्चिततासहित अवधारणापत्रमा समेटिएको उहाँले उल्लेख गर्नुभयो।

विसं २०८२ चैत १९ गते विश्व अटिजम सचेतना दिवसका अवसरमा सातवटै प्रदेशमा अटिजममा आधारित नमुना विद्यालय स्थापना गर्ने घोषणा गरिएको थियो। सोही घोषणाको कार्यान्वयनका लागि प्रतिवेदन तयार गरिएको हो। प्रतिवेदनले एक सङ्घीय अनुसन्धान केन्द्र तथा प्रत्येक प्रदेशमा नमुना केन्द्र वा विद्यालयमार्फत अटिजमसम्बन्धी सेवा व्यवस्थापन गर्ने प्रस्ताव गरेको छ। यसअन्तर्गत बालबालिकाको प्रारम्भिक स्क्रिनिङ, सिकाइ, थेरापी, व्यावसायिक सीप विकास, समावेशी विद्यालयमा समायोजन तथा समाजमा एकीकरणका अवसर सुनिश्चित गर्ने लक्ष्य राखिएको छ।

पूर्वाधार निर्माणका लागि पूर्वाधार विकास मन्त्रालयले बजेट प्रस्ताव गरिसकेको तथा शैक्षिक कार्यक्रम सञ्चालनका लागि शिक्षा तथा खेलकुद मन्त्रालयले चालु आवदेखि नै आवश्यक कार्यक्रम प्रारम्भ गरेको बताइएको छ। प्रत्येक प्रदेशमा रु २८ करोडका दरले अटिजम नमुना विद्यालयका लागि बजेट विनियोजन गरिएको छ।

साथै, आगामी आर्थिक वर्ष २०८३/८४ का लागि प्रत्येक प्रदेशमा रु तीन करोडका दरले कूल रु २१ करोड बजेट पूर्वाधार निर्माणका लागि विनियोजन गरिएको मन्त्रालयले जनाएको छ। यसका साथै स्वास्थ्य तथा खाद्य सुरक्षा मन्त्रालय तथा महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयको समन्वित प्रयासमा अटिजम सेवासम्बन्धी राष्ट्रिय मापदण्ड तयार गरिएको छ।

मन्त्रालयका सूचना अधिकारी वीरबहादुर धामीका अनुसार उक्त मापदण्डले हाल निजी क्षेत्र तथा विभिन्न सङ्घसंस्थाबाट सञ्चालित अटिजम केन्द्रको नियमन तथा सेवा व्यवस्थापनका लागि आधार प्रदान गर्ने अपेक्षा गरिएको छ। यस पहलले अटिजम भएका बालबालिकालाई गुणस्तरीय, समावेशी र पहुँचयोग्य शिक्षातर्फ महत्त्वपूर्ण कदम हुने विश्वास लिइएको छ।

# तीन महिना 'डेङ्गी सचेतना' सञ्चालन गरिने

काठमाडौँ, २६ असार (रासस)। स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले आगामी साउनदेखि तीन महिना 'डेङ्गी सचेतना' अभियान सञ्चालन गर्ने भएको छ। साउन, भदौ र असोज तीन महिनामा 'डेङ्गी सचेतना' अभियान सञ्चालन गरिनने इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका किटजन्य रोग शाखाका प्रमुख डा गोकर्णप्रसाद दाहालले जानकारी दिनुभयो।

उहाँले साउनदेखि डेङ्गीको सङ्क्रमण बढ्ने सम्भावना भएकाले तीन महिनासम्मका लागि सचेतना अभियान सञ्चालन गरी आमनागरिकलाई सचेत बनाइने बताउनुभयो। "साउनदेखि वर्षा बढी हुने भएकाले पानी जम्मा हुने र त्यही पानीमा डेङ्गी सार्ने लामखुट्टेको विकास हुने भएकाले सोबारे जानकारी दिन अभियान सञ्चालन गर्नेछौँ", डा दाहालले भन्नुभयो, "सर्वसाधारणलाई डेङ्गीबाट बच्ने उपायलगायत विषयमा सचेत गराउने छौँ।"

साउनदेखि असोजमा डेङ्गी सङ्क्रमण उच्च हुने सम्भावना रहेको उहाँले बताउनुभयो। सचेतना अभियानअन्तर्गत लामखुट्टेका लार्भा खोज र नष्ट गर, टोलटोल र विद्यालय गएर डेङ्गी सङ्क्रमणबारे सचेतना फैलाइने शाखा प्रमुख डा दाहालले उल्लेख गर्नुभयो। उहाँका अनुसार गत जनवरीदेखि अहिलेसम्म एक हजार २४४ जनामा डेङ्गी सङ्क्रमण देखिएको छ।

# सुकुमवासीको उचित व्यवस्था गर्न आग्रह

काठमाडौँ, २६ असार (रासस)। राष्ट्रिय मानव अधिकार आयोगले सुकुमवासीको उचित व्यवस्थापन गर्न आग्रह गरेको छ।

आयोगका उपसचिव एवं सहायक प्रवक्ता श्यामबाबु काफ्लेले बिहीबार जारी गरेको प्रेस विज्ञप्तिमा सुकुमवासीको मानव अधिकार अवस्था जोखिममा पर्ने कार्य नगर्न र उनीहरूको जीवन, स्वतन्त्रता, समानता र मर्यादाको सम्मान गर्न आयोग नेपाल सरकारलाई आग्रह गरिएको छ।

विसं २०८३ वैशाख १२ गतेदेखि काठमाडौँ जिल्लाको बागमती किनारलगायत विभिन्न स्थानमा बसोबास गरेका सुकुमवासीको घरटहरा हटाइ उनीहरूलाई विभिन्न होल्डिङ सेन्टरमा राखिएको थियो। हाल उनीहरुलाई ती सेन्टरबाट हटाइएको छ।

विज्ञप्तिमा भनिएको छ, "सुकुमवासीलाई पछिल्लो पटक हटाएको मितिदेखि आयोगले हालसम्म उनीहरूको अवस्थाबारेमा गरिरहेको अनुगमनबाट सूचना टाँस गरी पाँच दिनभित्र होल्डिङ सेन्टर खाली गर्न लगाएको, सो अवधि व्यतित भएपछि पुनः थप सात दिनको समयावधि तोकिएकोलगायत तथ्यहरु पाइएको छ।"

राज्यका निकायबाट विनाविकल्प होल्डिङ सेन्टरबाट हट्न 'अल्टिमेटम' दिने, सेन्टरबाट हटाउने, खानाको पर्याप्त प्रबन्ध नगर्ने, विशेषतः उनीहरूका आर्थिक, सामाजिक, सांस्कृतिक र नागरिक अधिकारप्रति सरकारका निकायबाट अभिभावकत्व ग्रहण नगर्नेलगायत अवस्था देखिएको आयोगद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

# अख्तियारमा कार्यरत प्रहरीको सरुवा नियमित प्रक्रिया : नेपाल प्रहरी

काठमाडौँ, २६ असार (रासस)। नेपाल प्रहरीले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा कार्यरत प्रहरी अधिकृतको सरुवा नियमित प्रक्रिया भएको जनाएको छ।

प्रहरी केन्द्रीय प्रवक्ता प्रहरी नायब महानिरीक्षक (डिआइजी) अविनारायण काफ्लेले बिहीबार विज्ञप्ति जारी गरी सरुवाका सम्बन्धमा विभिन्न सञ्चारमाध्यम र सामाजिक सञ्जालमा आएका समाचारमा कुनै सत्यता नरहेको बताउनुभयो। उक्त सरुवा र काज नियमित प्रशासनिक प्रक्रियाअन्तर्गत भएको प्रहरीले स्पष्ट पारेको छ।

"अख्तियारमा कार्यरत प्रहरी अधिकृतको काज र सरुवा प्रचलित कानुनी व्यवस्था र स्थापित प्रशासनिक प्रक्रियाबमोजिम गरिएको हो। यो कुनै विशेष घटना, अनुसन्धान, उजुरी वा अन्य कुनै विषयसँग सम्बन्धित नभई नियमित कर्मचारी व्यवस्थापनको सिलसिलामा सम्पन्न गरिएको नियमित प्रशासनिक प्रक्रिया हो", विज्ञप्तिमा भनिएको छ।

उहाँले तथ्य र आधिकारिक जानकारीबिना अनुमानका आधारमा समाचार प्रकाशित वा प्रसारित हुँदा आमनागरिकमा भ्रम सृजना हुने र सार्वजनिक संस्थाप्रतिको विश्वासमा नकारात्मक असर पर्ने बताउनुभयो। प्रहरी प्रवक्ता काफ्लेले तथ्यहीन र भ्रमपूर्ण सूचनाको पछि नलाग्न सबैलाई अनुरोध गर्नुभयो।

नेपाल प्रहरी सधैँ कानुनी व्यवस्था, पारदर्शिता, निष्पक्षता र स्थापित प्रशासनिक प्रणालीको पालना गर्दै आफ्नो जिम्मेवारी निर्वाह गर्न प्रतिबद्ध रहेको विज्ञप्तिमा जनाइएको छ।

# तीन सय आठ किलो गाँजा बरामद

**दैनिक समाचारदाता**
**सुनसरी, २६ असार।** सुनसरीको कोशी गाउँपालिका ७ भान्टाबारीस्थित केराबारी नजिकबाट ३०८ किलो गाँजा गएराति बरामद भएको छ।

गोप्य सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालय सुनसरी र इलाका प्रहरी कार्यालय भान्टाबारीबाट खटिएको प्रहरीको टोलीले ३ सय ८ किलो गाँजा बरामद गरेको सुनसरीका प्रहरी उपरीक्षक केशवकुमार थेबेले जानकारी दिए।

बरामद भएको गाँजा र संलग्न व्यक्तिको खोजतलास जारी रहेको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ।

# अक्सिजन सिलिन्डर विष्फोट हुँदा पैदलयात्रीको मृत्यु

काठमाडौँ, २६ असार (रासस)। गोकर्णेश्वर नगरपालिका-४ माकलबारीमा शुक्रबार बिहान अक्सिजन सिलिन्डर विष्फोट हुँदा एक जना पैदलयात्रीको मृत्यु भएको छ। जिल्ला प्रहरी परिसर

बाँकी तीन पृष्ठमा

# अस्पतालबाट निस्कने फोहरले बढाउँदैछ सङ्क्रमणको जोखिम

जनकपुरधाम, २६ असार (रासस)। वातावरणीय मानव अधिकार रक्षकको एक समूहले मधेस प्रदेश सरकारलाई ध्यानाकर्षण पत्र बुझाएका छन्।

अस्पताल तथा स्वास्थ्यचौकीबाट निस्कने फोहरको उचित व्यवस्थापनको माग गर्दै उहाँहरूको समूहले वन तथा वातावरण, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र धनुषा जिल्ला प्रशासन कार्यालयमा ११ बुँदे सुझाव पत्र प्रस्तुत गरेका हुन्।

अवगत पत्र बुझ्दै मधेस प्रदेश सरकारका स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री नागेन्द्र साहले नागरिक समाजको सक्रियताले सरकारलाई थप जिम्मेवार बन्न सहयोग मिलेको बताउनुभयो।

टोलीले जनकपुरधामका अस्पताल, क्लिनिक, प्याथोलोजी प्रयोगशाला तथा ल्याण्डफिलसाइटको स्थलगत अनुगमन गरेको थियो। अवलोकन पछि तयार पारी बुझाएको प्रतिवेदनमा जैविक जोखिमयुक्त फोहरलाई सामान्य फोहरसँग मिसाएर व्यवस्थापन गरिएको उल्लेख छ।

फोहरको वैज्ञानिक वर्गीकरण नभएको तथा सुरक्षित ढुवानी र अन्तिम व्यवस्थापन कानुनी मापदण्डअनुसार नभएको पाइएको अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मधेस प्रदेश संयोजक राजु पासवानले जानकारी दिनुभयो।

नेपालको संविधान २०७२ ले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक अधिकार सुनिश्चित गरेको छ।

फोहर व्यवस्थापन ऐन, २०६८ तथा स्वास्थ्य संस्थाको फोहर व्यवस्थापन निर्देशिका, २०२० ले स्वास्थ्य संस्थाबाट निस्कने जैविक जोखिमयुक्त फोहरको वर्गीकरण, सङ्कलन, भण्डारण, ढुवानी र अन्तिम व्यवस्थापनका स्पष्ट मापदण्ड तय गरेका छन्। व्यवहारमा कानुनी प्रावधान पूर्ण रूपमा कार्यान्वयन हुन नसक्दा स्वास्थ्य संस्थाबाट निस्कने फोहर स्वयं सार्वजनिक स्वास्थ्य र वातावरणका लागि गम्भीर चुनौती बन्दै गएको छ।

मधेस प्रदेशको राजधानी जनकपुरधाम यस समस्याको प्रतिनिधि उदाहरणका रूपमा देखिएको छ। बिरामी उपचारका लागि अस्पताल पुग्छन् र स्वस्थ भएर घर फर्कने अपेक्षा गर्छन्।

उपचारपछि निस्कने जैविक जोखिमयुक्त फोहरको उचित व्यवस्थापन नहुँदा स्वास्थ्य सेवा प्रणाली नयाँ सङ्क्रमण र प्रदूषणको स्रोत बन्ने जोखिम बढिरहेको छ।

जनस्वास्थ्य विज्ञ डा कालीप्रसाद यादव प्रयोग भइसकेका सिरिन्ज, सुई, रगतले दूषित सामग्री, प्रयोगशालाका नमुना, शल्यक्रियापछि निस्कने जैविक पदार्थ तथा औषधिजन्य अवशेषजस्ता फोहर सामान्य फोहरभन्दा धेरै जोखिमयुक्त हुन्छ, भन्नुहुन्छ।

उक्त सामग्रीको वैज्ञानिक व्यवस्थापन नभए हेपाटाइटिस-बी, हेपाटाइटिस-सी, एचआइभी तथा अन्य सङ्क्रामक रोग फैलिने सम्भावना रहन्छ। स्वास्थ्य सेवा विस्तारसँगै जनकपुरधाम क्षेत्रमा स्वास्थ्य संस्थाको सङ्ख्या तीव्र रूपमा बढिरहेको छ।

जनकपुरधाम उपमहानगरपालिकाका स्वास्थ्य शाखा प्रमुख विजयकुमार साहले उपमहानगरपालिकाअन्तर्गत २६ र प्रदेश सरकारअन्तर्गत ५० भन्दाबढी स्वास्थ्य संस्था सञ्चालनमा छन्।

जनकपुरधाम उपमहानगरपालिकाले वडा नं १९ मा डम्पिङसाइट स्थापना गरी नगरको फोहर व्यवस्थापन गर्दै आएपनि स्वास्थ्य संस्थाबाट निस्कने जोखिमयुक्त फोहरका लागि छुट्टै वैज्ञानिक प्रणालीको आवश्यकता देखिएको छ।

# टेलिकमको बिलिङ मुद्दामा सफाइ

काठमाडौँ, २६ असार (रासस)। विशेष अदालत काठमाडौँले नेपाल टेलिकमको बिलिङ प्रणालीको वार्षिक मर्मतसम्भार सम्झौता (एएमसी) को भ्रष्टाचारको आरोप लागेका १८ जनालाई सफाइ दिएको छ।

विशेष अदालतका न्यायाधीशहरु नारायणप्रसाद पौडेल र विदुर कोइरालाको इजलासले बिहीबार नेपाल टेलिकम तथा चिनियाँ आपूर्तिकर्ता एसिया इन्फोसँगको सम्झौता वैध भएको ठहर गर्दै १८ आरोपित सबैलाई सफाइ हुने ठहर गरेको हो। अदालतले नेपाल टेलिकमका तत्कालीन प्रवन्ध निर्देशकहरू सुनील पौडेल, सङ्गीता पहाडी, तत्कालीन प्रमुख प्राविधिक अधिकृत प्रतिभा वैद्य, तत्कालीन वित्तीय अधिकृत राजेन्द्र श्रेष्ठ, तत्कालीन प्रमुख सञ्चालन अधिकृत झविन्द्रलाल उपाध्याय र तत्कालीन निर्देशक विनिता श्रेष्ठलाई सफाइ दिएको हो।

त्यस्तै, तत्कालीन निमित्ति निर्देशक अमूल प्रधान, तत्कालीन प्रबन्धक देवेन्द्र खतिवडा, तत्कालीन उपप्रबन्धकहरू राजीवकुमार केसी, सन्तोषकुमार श्रेष्ठ, नवल चौधरी, मुक्तिप्रसाद अर्याल, हेमप्रभा कर्ण र परमात्मा भट्टराई, चिनियाँ कम्पनी एसिया-एन्फो र कर्मचारीहरू अनि नेपाल एजेन्ट अरनिको इन्टरनेशनलका शैलेश श्रेष्ठलगायतले पनि सफाइ पाएका छन्।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नेपाल टेलिकमको बिलिङ प्रणालीको वार्षिक मर्मतसम्भार ठेक्कामा अनियमितता गरेको आरोपमा रु ३३ करोड ४८ लाख अनियमितता गरेको आरोपममा मुद्दा दायर गरेको थियो। अदालतले दुई पक्षबीचको मूल सम्झौतामा नै वार्षिक मर्मतसम्भार शुल्क हेरफेर हुनसक्ने भनेको वार्ता र छलफलबाट रकम तय गर्न सकिने बाटो दिएको भन्दै विशेष अदालतले अरू शर्तहरू तय गर्न मूल सम्झौताले रोक नलगाएको ठहर गरेको हो।

फैसलामा भनिएको छ, "सम्झौता गर्नुबाहेक तत्काल नेपाल टेलिकमसँग अर्को विकल्प रहेको अवस्था पनि देखिँदैन, तसर्थ, नेपाल टेलिकमसम्बद्ध पदाधिकारीहरुले बदनियत चिताइ नेपाल टेलिकमको हितविपरीत काम गरेको व्यक्तिगत लाभ लिएको भन्ने अवस्थासमेत देखिएन।"

फैसलामा बृहत् वार्ता टोलीमा बसी काम गर्ने नेपाल टेलिकमका सम्बद्ध कर्मचारी र सम्झौतामा संलग्न प्रबन्ध निर्देशकलगायत पदाधिकारीहरुले नेपाल टेलिकमलाई गैरकानुनी हानी नोक्सानी पुर्‍याउने वा आफूलाई लाभ पुर्‍याउने बदनियतले काम गरेको मान्न नमिल्ने निश्कर्ष निकालेको छ। साथै, मिलोमतो गरी नेपाल टेलिकमलाई हानि नोक्सानी पुर्‍याउने बदनियतले काम गरेकोसमेत भन्ने पुष्टि हुन नसकेको फैसलामा उल्लेख छ।

### *अक्सिजन सिलिन्डर...*

काठमाडौँका प्रवक्ता पवनकुमार भट्टराईका अनुसार गोकर्णेश्वर नगरपालिका-८ माकलबारीका ४१ वर्षीय विष्णु थापाको मृत्यु भएको हो।

सिन्धुपाल्चोकको पाँचपोखरी थाङपाल गाउँपालिकास्थित पाँचपोखरी प्राथमिक अस्पतालका लागि अक्सिजन सिलिन्डर र दुई वटा अग्नि नियन्त्रक यन्त्र 'लोड' भएको सवारीसाधनको सिलिन्डर विष्फोट भएको हो।


विद्यालय कोड नं.: १५०७५०००४

**राष्ट्रिय गुणेश्वरलाल राधेश्यामआधारभूतविद्यालय**

महादेवागाउँपालिका, वार्ड नं. २, सप्तरी,
मधेश प्रदेश, नेपाल।
स्था. : २०६७

पत्र संख्या : ०८२/०८३
चलानी नं. : ५६

ईमेल : shreejanata2067@gmail.com
मिति : २०८३/०३/२६

विषय :-बालविकास शिक्षक (स.क.)विज्ञापन सम्बन्धमा।

प्रस्तुत सम्बन्धमा महादेवा गाउँपालिका बथनाहा , सप्तरीको मिति २०८३/०३/२५ गतेको च.न.६५१ तथा यस विद्यालयको मिति २०८३/०३/२५ गतेको वि.व्य.स.बैठकको निर्णय अनुसार यस विद्यालयमा रिक्त रहेको बालविकास शिक्षक (स.क.) पदपूर्तिका लागि शिक्षक तथा विद्यालय कर्मचारी कार्यविधि २०८३ को अधिनमा रही आवश्यक योग्यता पुगेका इच्छुक व्यक्तिहरुबाट दस्तखास्त आहवान गरिन्छ।

तपसिल :
विज्ञापन नं. ०१–०८२/०८३
१. पद : बालविकास शिक्षक (स.क.)
२. शैक्षिक योग्यता : १०+२ वा सो सरह
३. दरखास्त दस्तुत : रु ११००। (एक हजार एक सय मात्र)।
४. उमेर १८ वर्ष पुरा भएको तथा ४० वर्ष ननाघेको।
५. परीक्षाको किसिम : लिखित तथा मौखिक।
६. तलब स्केल : नेपाल सरकारको नियम अनुसार।
७. दरखास्त बुझाउने : विद्यालय समयभित्र।
८. पाठ्यक्रम : शिक्षक तथा विद्यालय कर्मचारी कार्यविधि २०८३ अनुसार।

आवश्यक कागजातहरु :
१. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि २
२. शैक्षिक योग्यताका प्रमाण पत्रको प्रतिलिपि २
३. हस्त लिखित निवेदन १
४. राजस्व दस्तुर : रसिद वा भौचर १
५. पासपोर्ट साइजको फोटो २

दरखात दिने अन्तिम मिति : २०८३/०४/ ०८गते कार्यालय समय भित्र।
सम्पर्क मिति : २०८३/०३/ ०९ गते
सम्पर्क नं. प्र.अ.९८०४७६७१३३

मनिलाल माझी
सदस्य सचिव
शिक्षक छनौट समिति
प्रधानाध्यापक


## विश्व समाचार

# ट्रम्प हत्या योजनाबारे इजरायलको नयाँ सूचना

वासिङ्टन, २६ असार (रासस/एएफपी)।

इजरायलले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको हत्या गर्ने इरानको कथित नयाँ र 'विशिष्ट' योजनासम्बन्धी खुफिया जानकारी यसै साता संयुक्त राज्य अमेरिकासँग साझा गरेको अमेरिकी सञ्चारमाध्यमहरूले बिहीबार जनाएका छन्। अमेरिका-इरानबीच पुनः सैन्य तनाव बढ्दै पूर्ण युद्धतर्फ फर्किन सक्ने आशङ्का भइरहेका बेला सार्वजनिक भएको यो दाबीले सुरक्षा चिन्ता थप बढाएको छ।

सिएनएनले यस विषयमा जानकार अज्ञात स्रोतहरूलाई उद्धृत गर्दै वासिङ्टनले ट्रम्पविरुद्ध हुन सक्ने सम्भावित हत्या प्रयाससम्बन्धी सूचनाहरू लामो समयदेखि निगरानी गरिरहेको भए पनि इजरायलले उपलब्ध गराएको पछिल्लो जानकारी भने एउटा विशिष्ट र नयाँ षड्यन्त्रसँग सम्बन्धित रहेको जनाएको छ। वाल स्ट्रिट जर्नलले पनि अज्ञात स्रोतहरूकै आधारमा अमेरिकी गुप्तचर निकायले ट्रम्पलाई लक्षित 'ताजा' योजनाबारे जानकारी प्राप्त गरेको उल्लेख गरेको छ। इरानले सन् २०२० को जनवरीमा अमेरिकी आदेशमा इरानी वरिष्ठ सैन्य कमान्डर कासिम सुलेमानीको हत्या भएपछि त्यसको प्रतिशोध लिने प्रतिबद्धता पटक-पटक दोहोर्‍याउँदै आएको छ। त्यसयता ट्रम्पको सुरक्षासम्बन्धी जोखिमबारे अमेरिकी सुरक्षा निकायहरू सतर्क रहँदै आएका छन्।

समाचारबारे प्रतिक्रिया माग्दा ह्वाइट हाउसले ट्रम्पले बुधबार व्यक्त गर्नुभएको भनाइतर्फ ध्यानाकर्षण गराएको थियो। नाटो शिखर सम्मेलनपछि फर्किने क्रममा एयर फोर्स वनमा पत्रकारहरूसँग कुरा गर्दै ट्रम्पले आफू इरानको निशानामा रहेको दाबी गर्नुभएको थियो। उहाँले भन्नुभएको थियो, "उनीहरू अमेरिकी नेतालाई हटाउन चाहन्छन्। म उनीहरूको प्रत्येक सूचीमा छु।"

ट्रम्पले टर्कीबाट फर्किने क्रममा नयाँ कतारी उपहारस्वरूप प्राप्त जेट प्रयोग नगरी पुरानै एयर फोर्स वनबाट यात्रा गर्नुभएको थियो। नयाँ विमानलाई बेलायत पठाएर त्यहाँबाट अर्को विमान परिवर्तन गरिएको घटनाले सुरक्षा व्यवस्थाबारे व्यापक चर्चा भएको थियो। अमेरिकी सञ्चारमाध्यमहरूका अनुसार उक्त निर्णय विशेषगरी नयाँ विमानमा आवश्यक सुरक्षा प्रणाली पूर्ण रूपमा जडान नभएको र त्यसैबेला अमेरिका-इरान तनाव चुलिएकाले अपनाइएको सावधानीका रूपमा हेरिएको छ। न्युयोर्क टाइम्सले यो परिवर्तन अमेरिकी गोप्य सेवाको अनुरोधमा सुरक्षात्मक उपायस्वरूप गरिएको जनाएको छ। पछि आयोजित पत्रकार सम्मेलनमा ट्रम्पले सुरक्षा व्यवस्थाबारे विस्तृत टिप्पणी गर्न चाहनुभएन। तर विगतमा पनि आफूलाई लक्षित हत्या प्रयासका आशङ्का उठिसकेको सङ्केत दिँदै इरानबाट आउने जोखिमलाई हल्का रूपमा नलिनुपर्ने धारणा व्यक्त गर्नुभयो।

# अस्ट्रेलियाको समुद्री पक्षीमा एच-५ बर्ड फ्लू पुष्टि

सिड्नी, २६ असार (रासस/एएफपी)।

वैज्ञानिकहरूले पहिलो पटक अष्ट्रेलियाको समुद्री पक्षीमा सङ्क्रामक रोग एच -५ बर्ड फ्लू पत्ता लगाएको अष्टेलिया सरकारले शुक्रबार जनाएको छ। गत जुन देखि अस्ट्रेलियामा एच-५ बर्ड फ्लूको कुल १२ वटा सङ्क्रमण पुष्टि भएको र सङ्त्रमण स्थानीय वन्यजन्तुमा नभई प्रवासी समुद्री चरामा भएको जनाइएको छ। प्रयोगशाला परीक्षणले यो रोगले दक्षिण अस्ट्रेलियाको रोबे सहरको ग्रेटर क्रेस्टेड टर्नलाई संक्रमित गरेको पुष्टि गरेको छ।

यद्यपि सङ्क्रमणको वृद्धि एक चिन्ताजनक अवस्था भएको कृषि मन्त्री जुली कोलिन्सले बताउनु भएको छ। उहाँले हालैको एच५ बर्ड फ्लूका सङ्क्रमणका कारण मृत्यु भएको कुनै प्रमाण नभएको होबार्टमा आयोजि पत्रकार सम्मेलनमा बताउनु भएको छ। भाइरस अन्य पशु, कुखुरा पालन वा मानव समुदाय र कृषि प्रणालीहरूमा फैलिएको कुनै सङ्केत नभएकाले मानव स्वास्थ्यका लागि जोखिम कम रहेको उहाँले बताउनुभएको छ। उहाँले प्रवासी समुद्री चराहरूसँग सम्पर्कमा रहने एक तटीय समुद्री पक्षीमा एच-५ परिक्षण सकारात्मक परीक्षण देखिएको उल्लेख गर्नु भएको हो। दक्षिण अष्ट्रेलियाको प्रान्तिय सरकारले चरा फेला परेको क्षेत्रमा "उन्नत निगरानी" लागू गरेको उहाँले बताउनुभएको छ।

यस घातक रोगले अस्ट्रेलियाली जीवजन्तुहरूले सामना गर्ने जोखिमलाई थप्न सक्ने चिन्ता बढेका जनाइएको छ। एच-५ वंशबाट सबै भन्दा बढी प्रभावित हुने जङ्गली चराहरूमा जलपक्षी, तटीय चराहरू, समुद्री चराहरू रहेको जनाइएको छ। समुद्री जनावरका साथै अन्य जनावरहरू जस्तै बिरालो, बाख्रा, र सुँगुरहरूमा पनि रोगको सङ्क्रमण पुष्टि भएको देखिएको छ। अधिकारीहरूले यो रोग अन्टार्कटिकबाट बसाइँसराइ गरी आएका चराहरूबाट अष्ट्रेलियामा आएको हो कि अनेत्र बाट फैलिएको हो भन्ने विषयमा अनुसन्धान गरिरहेको जनाका छन्।

# अफगानिस्तानमा संयुक्त पोलियो खोप अभियान सुरु

काबुल, २६ असार (रासस/सिन्ह्वा)।

अफगानिस्तानले शनिबार देखि पूर्वी कुनार प्रान्तका सबै जिल्लाहरू तथा नुरिस्तान प्रान्तका पाँच वटा जिल्लामा संयुक्त पोलियो खोप अभियान सुरु गर्ने तयारी गरेको टोलो न्यूजले शुक्रबार रिपोर्ट गरेको छ। खोप अभियानले प्राप्त बाबालिकाको रोग प्रतिरक्षा प्रणली बलियो बनाउने उदेश्यसहित पोलियो भाइरसको फैलावट रोक्न इन्जेक्टेबल पोलियो खोप (आईपीभी) र ओरल पोलियो खोप (ओपिभी) दुवै दिने टोलो न्युजले जनाएको छ।

स्वास्थ्य अधिकारीहरूले बच्चाहरूलाई कमजोर पार्ने रोगबाट जोगाउन खोप सबै-भन्दा प्रभावकारी तरिका रहेको कुरामा जोड दिँदै उमेर पुगेका सबै बालबालिकालाई दुवै खोपहरू लगाइ दिएर उनीहरुको स्वास्थ्य संरक्षढण गरिदिन अभिभावकहरूलाई आह्वान गरेका छन्। अफगानिस्तान हाल सम्म पनि जङ्गली पोलियो भाइरस सङ्त्रमण फैलिरहेको जनाइएको छ भने अन्तर्राष्ट्रिय साझेदारहरूको सहयोगमा देशका स्वास्थ्य अधिकारीहरूले रोग उन्मूलन गर्ने प्रयास स्वरुप नियमित खोप अभियानहरू जारी राखेका छन्।

# स्वंयसेवकको रुपमा कार्यालयमै बिरामी हेर्छन डा. चौधरी



कार्यालयमै बिरामी चेकजाच गर्दै डा. पशुपति चौधरी । *तस्बिर : राजविराज दैनिक*

**सतीश कुमार**
**राजविराज, २६ असार ।**

गजेन्द्र नारायण सिंह अस्पताल राजविराजमा दर्जनौं चिकित्सक छन । उनीहरु बिहान ओ.पी.डी.मा पूर्जा कटाई आएका बिरामीलाई चेकजाच गरि दिउँसो, बेलुका आफ्ना नीजि क्लिनिकमा आएका बिरामीलाई हेर्छन । तर, गजेन्द्र नारायण सिंह अस्पतालका आधिकारिक चिकित्सक नभए पनि एक चिकित्सक आफ्नै कार्यकक्षमा बिरामीलाई हेर्दै बेलुकी साँझ सम्म बसी रहन्छन, ती चिकित्सक हुन डा. पशुपति चौधरी ।

डा. चौधरी रामराजा प्रसाद सिंह स्वास्थय विज्ञान प्रतिष्ठानका प्रमुख हुन । प्रतिष्ठानको कार्यालय सोही अस्पताल कै परिसरमा रहेको छ । त्यहाँ प्रमुखको रुपमा कार्यरत रहेका डा. चौधरी हाड, जोर्नी तथा नशा रोगका बिशेषज्ञ चिकित्सकका रुपमा नेपाल कै अग्रणी चिकित्सकको रुपमा आफ्नो स्थान बनाएका छ । उनी बि.पी. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा बर्षौं सेवा गरी लामै अनुभव र ख्याति कमाएका चिकित्सक भएकै कारण उनको नाम सुनेर टाढा-टाढाबाट बिरामीहरु उनी कहाँ आउँछन् ।

सोमवार र विहिबार अनिवार्य अस्पतालका पूर्जा काटिएका बिरामीलाई आफ्नै कार्यकक्षमा उपचार गरी आएका डा. चौधरी दिनमा करिब १ सय ५० बिरामीलाई उपचार गर्न भ्याउँछन् । कार्यालय खुलेको अन्य दिन पनि डा. आएको थाहा पाए पछि बिरामी अस्पतालबाट पूर्जी काटी आउँछन भने पूर्जी नै नकटाई आएका बिरामीलाई पनि डा. चौधरीले उपचार गर्ने गरेका छन ।

आफ्नो घुँडामा अर्थोराईटिसको समस्या लिएर उपचारमा आएकी हनुमाननगर कंकालिनी ९ की रतनी देवी साह भन्छिन- "धेरै ठाउँमा उपचार गराए, धरानको डाक्टर राजविराज आउँछन भन्ने सुनेर यहाँ आएर डा. साबले घुँडामा सूई लगाई दिए पछि अहिले आराम भएको छ ।"

त्यस्तै हेमाटोमाको शिकार रही पीडित राजविराज नगरपालिका ११, फर्सैठका अमिरका रजकले डा. पशुपतिको बारेमा अरुबाट सुनेर उनीसँग जचाउन आएको र उनले कुहिनोबाट फोहोर रगत र पानी निकाली उपचार गरी दिंदा आफुलाई सामान्य भएको बताउँछिन ।

घुँडा खिईएर अर्थोराईटिसका बिरामी रहेका राजविराज नगरपालिका ८ बस्ने केशर बहादुर श्रेष्ठकी श्रीमती लक्ष्मी श्रेष्ठलाई पनि डा. पशुपतिले आफ्नै कार्यकक्षमा घुडाको हड्डीमा सूई लगाई दिएको बताएकी छिन ।

दिनहुँ यस्तै बिरामीको आफ्नो कार्यकक्षमा घुईंचो लाग्ने र यस्ता आफ्ना गाउँ-ठाउँका बिरामीले आराम भएको सुन्दा आफुलाई खुशी हुने गरेको डा. चौधरी बताउँछन ।

उपचारका क्रममा घुड़ा, कुहिनोको हाडमा चित्सिकले नै लगाउने सूई समेत डा. चौधरीले आफ्नै कार्यकक्षमा लगाई दिने गर्छन । यसरी सप्तरीमा निःशुल्क सेवा दिईरहेका डा. चौधरीलाई उनको कार्यहरुलाई लिएर सोध्दा उनले भने "मलाई प्रतिष्ठानको अध्यक्षको रुपमा यहाँ जिम्मेवारी तोक्दा मलाई औधी नै खुशी लागेको थियो । एकातिर प्रतिष्ठानको काम र दायित्वको चुनौती थियो भने म आफैं जन्मे हुर्केको ठाउँमा आफ्ना सेवा दिने अवसरको उत्साह पनि थिए ।" डा. चौधरी थप्छन- "म धरानमा कार्यरत हुँदा पनि सप्तरीको कोही बिरामी आउँदा मलाई आफ्नै दाईभाई आएको आभास हुन्थ्यो र म तल्लिनतापूर्वक उनको उपचार गर्दथें ।"

अन्य चिकित्सकले नीजि क्लिनिक खोली स्वास्थ्य सेवा दिई आएकोले तपाईं पनि किन नीजि क्लिनिकबाट सेवा दिनु हुन्न ? भन्ने प्रश्नमा डा. चौधरी भन्छन- "म यहाँ कमाउन आएको हैन, मेरो जन्मस्थल सप्तरी नै भएकोले यहाँको बिरामीको सेवा गर्ने मेरो दायित्व पनि हो र प्रतिष्ठानमा नियुक्ति पाउँदा सो दायित्व पूरा गर्ने अवसर मिलेको छ, म यसलाई गुमाउन चाहन्न् ।"

ओ.पी.डि.मा हतार हतार बिरामी हेरेर नीजि क्लिनिक धाउने चिकित्सकको कार्यशैली विपरित काम गर्दै गरेको देखेर बिष्णुपुर गाउँपालिकाका अध्यक्ष उमेश कुमार यादव भन्छन-"सबै चिकित्सकले डा. पशुपति जस्तै नीजि क्लिनिक नखोली बिरामीको उपचारलाई प्राथमिकतामा राखी दिए राज्यले परिकल्पना गरेको सबैलाई स्वास्थ्य सेवाको नीति पूरा हुने थियो ।"

# अनुमतिबिना विदेशी शैक्षिक कार्यक्रम सञ्चालन गर्नेलाई कारबाहीको चेतावनी

काठमाडौँ, २६ असार (रासस) ।

शिक्षा तथा खेलकुद मन्त्रालयले ए-लेभल, सिबिएसइ, आइबिडिपीलगायत विदेशी शैक्षिक कार्यक्रम मन्त्रालयको अनुमतिबिना सञ्चालन गर्ने शैक्षिक संस्थामाथि कारबाही गर्ने चेतावनी दिएको छ ।

गत बुधबारको मन्त्रिपरिषद्ले विदेशी सम्बन्धनका नाममा सञ्चालन भइरहेका शैक्षिक कार्यक्रमको गुणस्तर सुधार तथा नियमनलाई थप प्रभावकारी बनाउन विदेशी शैक्षिक कार्यक्रम (सञ्चालन र नियमन) नियमावली, २०८३ स्वीकृत गरेसँगै मन्त्रालयले कानुनी व्यवस्था कार्यान्वयनमा कडाइ गरेको हो ।

शिक्षा तथा खेलकुद मन्त्रालयका उपसचिव कृष्णचन्द्र पोखरेलले केही शैक्षिक संस्थाले मन्त्रालयको अनुमति नलिई यस्ता कार्यक्रम सञ्चालन गरिरहेकाले कानुनी व्यवस्थाबारे पुनः जानकारी गराइएको बताउनुभयो ।

मन्त्रालयले अनुमति नलिई विदेशी शैक्षिक कार्यक्रम सञ्चालन गरिरहेका शैक्षिक संस्थाबारे जानकारी भएमा तीन दिनभित्र लिखित रूपमा मन्त्रालयमा सूचना दिन सरोकार भएका सबैसँग आग्रह गरेको छ ।

उच्च शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने उद्देश्यले उक्त नियमावली लागू गरिएको हो । यसअन्तर्गत मुलुकमा विदेशी विश्वविद्यालय वा शैक्षिक संस्थासँग सम्बन्धन लिएर सञ्चालन भइरहेका शैक्षिक कार्यक्रमका लागि नयाँ मापदण्ड लागू हुने उक्त मन्त्रालयले जनाएको छ ।

# जलनबाट घाइते नेपालीको निधन

काठमाडौँ, २६ असार (रासस) ।

जलनबाट घाइते भई वीर अस्पतालमा उपचार गराइरहेका मुगुका युवा गणेश नेपालीको निधन भएको छ ।

काठमाडौँको त्रिपुरेश्वरमा बिहीबार आफैँले शरीरमा आगो लगाएका नेपालीको 'आइसियु'मा राखेर उपचार गरिरहेको अवस्थामा केही बेरअघि निधन भएको वीर अस्पतालका प्रवक्ता डा प्रकाश बुढाथोकीले पुष्टि गर्नुभयो ।

यसअघि सो अस्पतालले पत्रकार सम्मेलन गरी शरीरको करिब ६० प्रतिशत भाग जलेका नेपालीको स्वास्थ्य अवस्था गम्भीर रहेको बताएको थियो ।

नेपाल सरकारले थप उपचारका लागि भारत लैजाने तयारी पूरा गरे पनि चिकित्सकहरूले उहाँको अवस्था निकै जटिल रहेकाले तत्काल आइसियुबाट निकाल्न नहुने सुझाव दिएका थिए ।


मधुमेह (डायबिटिज) रोगबाट बचौं

शरीरमा चिनीको मात्रा बढी हुँदा मधुमेह हुन सक्छ,

मधुमेहले,
- विभिन्न अंगमा क्षति पुऱ्याउन सक्छ,
- मुटु र मिर्गौलामा क्षति पुऱ्याउन सक्छ,
- अन्धोपन, पक्षघातलगायतका जोखिम बढाउन सक्छ ।

मधुमेहबाट बच्न,
- शरीरको तौल सन्तुलित राखौं,
- चिल्लो तथा चिनीजन्य पदार्थको सेवन कम गरौं,
- जङ्कफूड तथा तारेका, भुटेका र प्रशोधित खानाहरु नखाऔं,
- धुम्रपान, मद्यपान नगरौं, नियमित व्यायाम गरौं,
- रेशायुक्त तथा प्राकृतिक खानेकुरा खाऔं,

नियमित स्वास्थ्य परीक्षण गरौं, मधुमेहबाट बचौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



सूचना ! सूचना !! सूचना !!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरु उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं।

हाम्रो सेवाहरू:
१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा



सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४


**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*